"मीठे बच्चे – अन्तर्मुखी बनेर जज्ञान रूप अवस्थामा रहेर यी महावाक्य हरूलाई धारण गर्यौ भने आफ्नो र अन्य आत्माहरूको कल्याण गर्न सक्छौ , आफ्नो मन वा दिल रूपी मन्दिरलाई ईश्वरीय गुण रूपी मूर्ति द्वारा सजाऊ र पवित्र संकल्पको सुगन्ध फैलाऊ।"

प्रश्नः– सर्वोत्तम सच्चा सेवा कुनचाहिँ हो? यथार्थ सेवाको सूक्ष्म र महीन रहस्य के हो?

उत्तरः– जब कसैबाट कुनै भूल हुन्छ उसलाई सावधान गर्नुको साथ-साथै सूक्ष्म रीतिले आफ्नो योग शक्ति उसमम पुर्याएर उसको अशुद्ध संकल्पलाई भस्म गर्नु, यही सर्वोत्तम सच्चा सेवा हो। साथ-साथै आफूमाथि पनि ध्यान दिनु, मनसामा पनि कुनै अशुद्ध संकल्प उत्पन्न नहोस्। यसमा स्वयं पनि सावधान रहनु र अरूप्रति यस्तो दिव्य सेवा गर्नु, यही सेवाको सूक्ष्म र महीन रहस्य हो।

ओम् शान्ति। हरेक पुरुषार्थी बच्चाले पहिला त अन्तर्मुख अवस्था अवश्य धारण गर्नु छ। अन्तर्मुखतामा ठूलो कल्याण समाहित छ, यस अवस्थाद्वारा नै अचल, स्थिर, धैर्यवत, निर्माणचित इत्यादि दैवी गुणहरूको धारणा हुन सकछ तथा सम्पूर्ण ज्ञानमय अवस्था प्राप्त हुन सकछ। अन्तर्मुख नहुन्ले त्यो सम्पूर्ण ज्ञान रूप अवस्था प्राप्त हुँदैन किनकि जति पनि कुनै "महावाक्य" सम्मुख सुनिन्छ, यदि त्यसलाई गहराईमा गएर ग्रहण गरिदैन, केवल ती महावाक्यहरूलाई सुनेर रिपीट मात्र गरिन्छ भने ती महावाक्य, वाक्य हुन्छन्। जसले ज्ञान रूप अवस्थामा रहेर महावाक्य सुन्दैनन्, ती महावाक्यहरूमा मायाको छायाँ पर्छ। अब यस्तो मायाको अशुद्ध भाइब्रेशनले भरिएको महावाक्य सुनेर केवल रिपीट गरेर स्वयं सहित अरूको कल्याण हुनुको सट्टा अकल्याण हुन्छ। त्यसैले हे बच्चाहरू! एकदम अन्तर्मुखी बन।

तिम्रो यो मन मन्दिर सदृश्य हो। जस्तै मन्दिरबाट सदैव सुगन्ध आउँछ त्यसैगरी मन मन्दिर जब पवित्र बन्छ अनि संकल्प पनि पवित्र इमर्ज हुन्छन्। जस्तै मन्दिरमा केवल पवित्र देवी देवताहरूको नै चित्र राखिन्छ, नकि दैत्यहरूको। त्यस्तै तिमी बच्चाहरूले आफ्नो मन र दिल रूपी मन्दिरलाई सर्व ईश्वरीय गुणहरूको मूर्तिद्वारा सजाइदेऊ, ती गुण हुन्– निर्मोह, निर्लोभ, निर्भय, धैर्यवत, निरंहकार इत्यादि किनकि यी सबै तिम्रा नै दिव्य लक्षण हुन्। तिमी बच्चाहरूले आफ्नो मन मन्दिरलाई उज्वल अर्थात् सम्पूर्ण शुद्ध बनाउनु छ। जब मन मन्दिर उज्वल बन्छ तब नै आफ्नो उज्वल प्यारो वैकुण्ठ देशमा जान सकिन्छ। त्यसैले अब आफ्नो मनलाई उज्वल बनाउने प्रयत्न गर्नु छ तथा मन सहित विकारी कर्मेन्द्रियहरूलाई वश गर्नु छ। तर न केवल आफ्नो मात्र, अन्य प्रति पनि यही दिव्य सेवा गर्नु छ।

वास्तवमा सर्भिसको अर्थ अति सूक्ष्म र महीन छ। यस्तो होइन कसैको भूलमा केवल सावधान गर्नु छ, यतिमात्र सेवा हो। तर होइन, उसलाई सूक्ष्म रीतिले आफ्नो योगको शक्ति पुर्याएर उसको अशुद्ध संकल्पलाई भस्म गरिदिनु, यही सर्वोत्तम सच्चा सेवा हो र साथ-साथै आफूमाथि पनि अटेन्शन राख्नु छ। न केवल बोली अथवा कर्मणासम्म, मनसामा पनि कुनै अशुद्ध संकल्प उत्पन्न हुन्छ भने त्यसको भाइब्रेशन अन्यको पासमा पुगेर सूक्ष्म रीतिले अकल्याण गर्छ, जसको बोझ स्वयंमा आउँछ र त्यही बोझ बन्धन बन्छ। त्यसैले हे बच्चाहरू! स्वयं सावधान रहने गर फेरि अन्य प्रति त्यही दिव्य सेवा गर, यही तिमी सेवाधारी बच्चाहरूको अलौकिक कर्त्तव्य हो। यस्तो सेवा गर्नेले फेरि आफ्नो लागि कसैबाट पनि सेवा लिनु हुँदैन। हुन त कहिल्यै कुनै अनायास भूल हुन पनि सकछ तर त्यसलाई आफ्नो बुद्धियोग बलद्वारा सदैवको लागि कर्केट गरिदिनु छ। यस्तो तीव्र पुरुषार्थीले थोरै पनि ईशारा मिल्नासाथ शीघ्र महसुस गरेर परिवर्तन गरिहाल्छन् र पछिको लागि राम्रोसँग अटेन्शन राखेर चल्छन्, यही विशाल बुद्धि बच्चाहरूको कर्त्तव्य हो।

हे मेरा प्राणहरू! परमात्मादवारा रचिएको यस अविनाशी राजसव जज्ञानयजज्ञ प्रति तन, मन, धनलाई समपूरण रीतिले सवाहा गरने रहसय धेरै महीन छ। जुन घडी तिमीले भनछौ– म तन मन धन सहित यजज्ञमा सवाहा अरथात् अरपण भएर मरिसकेको छु, तयस घडीदेखि लिएर आफनो केही पनि रहेन। तयसमा पनि पहिला तन, मनलाई समपूरण रीतिले सेवामा लगाउनु छ। जब सबै थोक यजज्ञ अथवा परमातमा प्रति छ भने फेरि आफनो लागि केही रहन सकदैन, धन पनि वयरथ गुमाउन सकिदैन।मन पनि अशुद्ध सं कलप विकलपतिर दौडन सकदैन किनकि परमातमालाई अरपण गरिदियौ।अब परमातमा त हुनहुनछ नै शुद्ध शान्त सवरूप। यस कारण अशुद्ध सं कलप सवत: शान्त हुनछन्। यदि मन मायाको हातमा दिनछौ भने माया भेराइटी रूप हुनाले अनेक परकारको विकलप उतपनन गरेर मन रूपी घोडामा आएर सवारी गरछ। यदि कुनै बचचालाई अहिले समम पनि सं कलप विकलप आउँछन् भने बुझनुपरछ– अझै मन पूरण रीतिले सवाहा भएको छैन अरथात् ईश्वरीय मन बनेको छैन। तयसैले हे सरव तयागी बचचाहरू! यी गहन रहसयहरूलाई बुझेर करम गरदै साकषी भएर सवयं लाई हेरदै धेरै सावधानी पूरवक चलनु छ।

सवयं गोपी वललभले तिमी आफना परिय गोप गोपिनीहरूलाई समझाइरहनु भएको छ– तिमीहरू हरेकको वासतविक सचचा परेम कुनचाहिँ हो? हे पराणहरू! तिमीले एक अरकाको परेम भरी सावधानीलाई सवीकार गरनु छ किनकि जति परिय फूल तयति नै श्रेष्ठ हेरचाह। फूललाई मूलयवान् बनाउनको लागि मालीले काँडाबाट निकालनु नै परछ। तयसतै तिमीलाई पनि जब कुनै सावधानी दिइनछ भने बुझनुपरछ– मानौं उसले मेरो हेरचाह गरयो अरथात् मेरो सेवा गरयो। तयस सेवा अथवा हेरचाहलाई रिगारड दिनु छ, यही समपूरण बनने युकति हो।यही जज्ञान सहित आनतरिक सचचा परेम हो। यस दिवय परेममा एक अरकाको लागि धेरै रिगारड हुनुपरछ। हरेक कुरामा पहिला सवयंलाई नै सावधान गरनु छ, यही निरमाणचितत अति मधुर अवसथा हो। यसरी परेम पूरवक चलनाले तिमीलाई मानौं यहाँ नै तयस सतययुगको सुनौलो दिन आनतरिक महसुस हुनछ।तयहाँ त यो परेम नेचुरल रहनछ तर यस सं गमको सवीटेसट समयमा एक अरकाको लागि सेवा गरने यो अति मीठो रमणिक परेम हो, यही शुद्ध प्रेमको जगतमा गायन गरिएको छ।

तिमी हरेक चैतनय फूलहरू हरदम हरषित मुख भएर रहनु छ किनकि निश्चय बुदधि हुनाले तिमरो नस नसमा समपूरण ईश्वरीय ताकत समाहित छ। यसतो आकरषण शक्तिले आफनो दिवय चमतकार अवश्य निकालछ।जसतै सानो निरदोष बचचाहरू शुद्ध पवितर भएकाले सदैव हाँसिरहनछन्र आफनो रमणिक चरितरदवारा सबैलाई धेरै आकरषित गरछन्। तयसतै तिमीहरू हरेकको यसतो ईश्वरीय रमणिक जीवन हुनुपरछ, यसको लागि तिमीले कुनै पनि युकतिले आफनो आसुरी सवभावमाथि जित परापत गरनु छ। जब कसैलाई हेरदा, ऊ करोध विकारको वश भएर मेरो सामुनने आउँछ भने उसको सामुनने जज्ञान रूप भएर बचपनको मीठो रीतिले मुसकुराइरहयौ भने ऊ सवयं शान्तचित्त हुने छ अरथात् विसमृति सवरूपबाट समृतिमा आउँछ। हुन त उसलाई थाहा पनि हुँदैन तर सूकषम रीतिले उसमाथि जित पाएर मालिक बन, यही मालिक र बालकपनको सरवोचच शिरोमणि विधि हो।

ईश्वर समपूरण जज्ञान रूप हुनहुनछ, तयसतै फेरि समपूरण परेम रूप पनि हुनहुनछ। ईश्वरमा दुवै नै कवालिटीज भरिएको छ तर फसट जज्ञान, सेकेनड परेम।यदि कोही पहिला जज्ञान रूप नबनी केवल परेम रूप बनछ भने तयसतो परेमले अशुद्ध खातामा लैजानछ।तयसैले परेमलाई मरज गरेर पहिला जज्ञान रूप बनेर भिनन-भिनन रूपमा आएको मायामाथि जित पाएर पछाडि परेम रूप बननु छ। यदि जज्ञान विना परेममा आयौ भने कहिलेकाहीँ विचलित पनि हुनछौ।जसतै यदि कोही जज्ञान रूप नबनी धयानमा जानछन् भने कति पटक मायामा फँसछन्, तयसैले बाबा भननहुनछ– पयारा बचचाहरू! यो धयान पनि एक धागोको बनधन जसतै हो तर जज्ञान रूप बनेर पछाडि धयानमा जानाले अति मौजको अनुभव हुनछ। तयसैले पहिला हो जज्ञान, पछाडि हो धयान। धयानिषट अवसथा भनदा जज्ञानिषट अवसथा श्रेष्ठ हो।तयसैले हे बचचाहरू! पहिला जज्ञान रूप बनेर फेरि परेम इमरज गरनु छ।जज्ञान विना केवल परेमले यस पुरुषारथी जीवनमा विघन पारछ।

साक्षीपनको अवस्था अति मीठो, रमणिक र सुन्दर छ। यस अवस्थामा नै भविष्य जीवनको सारा कुरा आधारित छ। जस्तै कसैको पासमा कुनै शारीरिक हिसाब आउँछ, त्यतिबेला यदि ऊ साक्षी, सुखरूप अवस्थामा उपस्थित भएर त्यसलाई भोगछ भने पास्ट कर्मको कर्मभोग चुक्ता पनि गरछ र साथ साथ फ्युचरको लागि सुखको हिसाब पनि बनाउँछ। त्यसैले यो साक्षीपनको सुखरूप अवस्थाले पास्ट र फ्युचर दुवैसँग कनेक्शन राखछ। त्यसैले यस रहस्यलाई बुझेमा कसैले पनि यस्तो भन्न छैन– मेरो यो सुनौलो समय केवल चुक्ता गर्नमा नै बित्यो। होइन, यही सुनौलो पुरुषार्थको समय हो, जुन समयमा दुवै कार्य समपूर्ण रीति सिद्ध हुन्छन्। यस्तो दुवै कार्यलाई सिद्ध गर्न तीव्र पुरुषार्थी नै अतीन्द्रिय सुख वा आनन्दको अनुभवमा रहन्छन्।

यस भेराइटी विराट ड्रामाको हरेक कुरामा तिमी बच्चाहरूलाई समपूर्ण निश्चय हुनुपर्छ किनकि यो बनिबनाउ ड्रामा बिलकुल वफादार छ। हेर, यो ड्रामाले हरेक जीव प्राणीबाट उनीहरूको पार्ट पूर्ण रीतिसँग बजाउँछ। हुन त कोही गलत छ, तर उसले गलत पार्ट पनि पूर्ण रीतिसँग बजाउँछ। यो पनि पूर्व निश्चित ड्रामा हो। जब गलत र सही दुवै नै प्लानमा निश्चित छन् भने फेरि कुनै कुरामा संशय उठाउनु, यो ज्ञान होइन किनकि हरेक एक्टरले आ-आफ्नो पार्ट खेलिरहेका छन्। जस्तै चलचित्रमा अनेक भिन्न-भिन्न नाम रूपधारी कलाकारहरूले आ-आफ्नो एक्टिङ गरछन्। उनलाई हेरेर, कोहीसँग घृणा आओस् र कोहीसँग हर्षित होओस्, यस्तो हुँदैन। थाहा छ– यो एक खेल हो, जसमा हर एकलाई आफ्नो गुड वा बयाड पार्ट मिलेको छ। त्यसरी नै यस अनादि बनेको चलचित्रलाई पनि साक्षी भएर एकरस अवस्थाले हर्षितमुख भएर हेरिरहनु छ। संगठनमा यो प्वाइन्ट धेरै रामरोसँग धारण गर्नु छ। एक अर्कालाई ईश्वरीय रूपले हेर्नु छ, महसुसताको ज्ञान लिएर सर्व ईश्वरीय गुणहरूलाई धारणा गर्नु छ। आफ्नो लक्ष्य स्वरूपको स्मृतिद्वारा शान्तचित्त, निर्माणचित्त, धैर्यवत, मिठास, शीतलता इत्यादि सर्व दैवी गुण इमर्ज गर्नु छ।

धैर्यवत अवस्था धारण गर्न मुख्य फाउण्डेशन हो– वेट एण्ड सी। हे मेरा प्रिय बच्चाहरू! वेट अर्थात् धैर्य गर्नु, सी अर्थात् हेर्नु। आफ्नो दिलभित्र पहिला धैर्यवत गुण धारण गरेर त्यसपछि फेरि बाहिर विराट ड्रामालाई साक्षी भएर हेर्नु छ। जबसम्म कुनै पनि रहस्य सुन्न समय समीप आउँदैन, तबसम्म धैर्यवत गुणको धारणा गर्नु छ। समय आएपछि त्यस धैर्यताको गुणद्वारा रहस्य सुन्दा कहिल्यै पनि विचलित हुँदैन। त्यसैले हे पुरुषार्थी प्राणहरू! केही समय पर्ख अनि अगाडि रहस्य हेर्दै जाऊ। यस धैर्यवत अवस्थाद्वारा नै सारा कर्तव्य समपूर्ण रीतिसँग सिद्ध हुन्छ। यो गुण निश्चयसँग बाँधिएको छ। यस्तो निश्चयबुद्धि हुनेले साक्षी दृष्टा भएर हर खेललाई हर्षितमुख भएर हेर्दै आन्तरिक धैर्यवत र अडोलचित्त रहन्छन्, यही ज्ञानको परिपक्व अवस्था हो, जो अन्त्यमा समपूर्णताको समय यथार्थमा रहन्छ। त्यसैले धेरै समय देखि लिएर यस साक्षीपनको अवस्थामा स्थित रहन परिश्रम गर्नु छ। जस्तै नाटकमा एक्टरलाई आफ्नो मिलेको पार्ट पूरा खेल्नको लागि पहिला नै रिहर्सल गर्नुपर्छ, त्यस्तै तिमी प्रिय फूलहरूलाई पनि भविष्यमा आउने भारी परीक्षाहरूमा योग बलद्वारा पास हुनको लागि पहिला नै रिहर्सल अवश्य गर्नु छ। तर धेरै समय देखिको यदि यो पुरुषार्थ गरेका छौ भने त्यतिबेला घबराहटमा फेल हुन्छौ, त्यसैले पहिला आफ्नो ईश्वरीय फाउण्डेशन पक्का राखेर दैवी गुणधारी बन्नु छ।

ज्ञान स्वरूप स्थितिमा स्थित रहनाले स्वत: शान्त रूप अवस्था हुन्छ। जब ज्ञानी बच्चाहरू सँगसँगै बसेर मुरली सुन्छन्, चारैतिर शान्तिको वायुमण्डल बन्छ किनकि उनीहरू महावाक्य सुन्दा आन्तरिक डीपमा जान्छन्। डीपमा जानाको कारण आन्तरिक उनीहरूलाई शान्तिको मीठो महसुसता हुन्छ। अहिले नै यसको लागि कुनै खास बसेर मेहनत गर्नु छैन तर ज्ञानको अवस्थामा स्थित रहनाले यो गुण अनायास आउँछ। तिमी बच्चाहरू जब बिहान सबेरै उठेर एकान्तमा बस्छौ, शुद्ध विचार रूपी लहरहरू उत्पन्न हुन्छन्, त्यतिबेला धेरै उपराम अवस्था हुनुपर्छ। फेरि आफ्नो निज शुद्ध संकल्पमा स्थित हुनाले अन्य सबै संकल्प आफैं शान्त हुन्छन् र मन अमन हुन्छ किनकि मनलाई वश गर्न पनि कुनै ताकत त अवश्य चाहिन्छ। त्यसैले पहिला आफ्नो लक्ष्य स्वरूपको शुद्ध संकल्पलाई धारण गर। जब

आन्तिरक बुद्धियोग काइदा प्रमाण हुन्छ अनि तिम्रो यो निरसंकल्प अवस्था स्वतः हुन्छ ।अच्छा!

मीठे-मीठे सिकीलधे, जज्ञान गुलज़ारी, जज्ञान सिताराहरू प्रति माता-पिता बापदादाको यादप्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते । रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते ।

धारणाको लागि मुख्य सारः–

१) आफ्नो लक्ष्य स्वरूपको स्मृतिद्वारा शान्तचित्त, निरभिमानचित्त, धैर्यवत, मिठास, शीतलता आदि सर्व दैवी गुण धारण गर्नु छ ।

२) निश्चयबुद्धि साक्षी दृष्टा भएर यस खेललाई हर्षितमुख भएर हेर्दै आन्तरिक धैर्यवत र अडोलचित्त रहनु छ ।धेरै समयदेखि यस साक्षीपनको अवस्थामा स्थित रहने परिश्रम गर्नु छ।

वरदानः– सन्देह र शक्ति रूपको सन्तुलनद्वारा सेवा गर्ने सफलतामूर्त भव

जसरी एक आँखामा बाबाको सन्देह र दोस्रो आँखामा बाबादवारा मिलेको कर्त्तव्य (सेवा) सदा स्मृतिमा रहन्छ, त्यसैगरी सन्देही-मूर्तको साथ-साथै अब शक्तिरूप पनि बन ।सन्देहको साथ-साथै शब्दमा यस्तो शक्ति होस्, जसले जसको पनि हृदयलाई विदीर्ण गरोस्। जसरी आमालै बच्चालाई जुनसुकै शब्दमा शिक्षा दिए पनि सन्देहको कारण ती शब्दहरू नमिठो लाग्दैन ।त्यसैगरी जज्ञानका जति पनि सत्य कुरा छन्, तिनलाई स्पष्ट शब्दमा देऊ तर शब्दमा स्नेह समाहित होस्, तब सफलतामूर्त बन्छौ ।

स्लोगनः– सर्वशक्तिमान बाबालाई साथी बनायौ भने पश्चात्तापबाट छुट्छौ ।